नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग

# ग्रामीण पहुँच सुधार तथा विकेन्द्रीकरण परियोजना (RAIDP)

## परियोजना समन्वय इकाई

जावलाखेल, ललितपुर
(फोन नं. ५५४३५२९, ५५४६२६८)

# सूचि दर्ता गराउने बारेको सूचना

(सूचना प्रकासित मिति: २०६८।३।१४)

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ को प्रयोजनको लागि यस ग्रामीण पहुँच सुधार तथा विकेन्द्रीकरण परियोजना (RAIDP), परियोजना समन्वय इकाई, जावलाखेल, ललितपुरको लागि आ. व. २०६८।०६९ मा आवश्यक पर्ने तपसिल बमोजिमका कार्यहरु आर्थिक वर्ष भरी पटक पटक गरी गर्नुपर्ने तथा अन्य सेवा लिनु पर्ने भएकोले सम्बन्धित ईच्छुक फर्म, कम्पनी वा व्यक्तिले यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ औं दिन (२०६८।३।२८) भित्र फर्म दर्ताको प्रमाणपत्र, आयकर दर्ताको प्रमाणपत्र, सम्बन्धित कार्य गर्ने ईजाजतको नविकरण, मु.अ.कर दर्ता प्रमाणपत्र एवं आ.व. २०६६।०६७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित आफ्नो कारोवारको व्यहोरा उल्लेख गरी प्रत्येक कार्यको लागि छुट्टाछुट्टै निवेदन कार्यालय समय भित्र यस परियोजना समन्वय इकाई, जावलाखेलमा दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## तपसिल

१. कार्यालय सम्बन्धी स्टेशनरी, मसलन्द सामानहरु खरिद सम्बन्धी कार्य ।
२. काठ तथा स्टील फर्निचर खरिद, फर्निसिङ्ग तथा मर्मत सम्बन्धी कार्य ।
३. कम्प्यूटर, प्रिन्टर, फोटोकपि मेशिन, फ्याक्स मेशिन, UPS, इन्टरनेट नेटवर्क, पेन ड्राइभ, सि.डि., DVD, टोनर खरिद, इलेक्ट्रिक, कम्प्यूटर सफटवेयर र अन्य मर्मत सम्बन्धी कार्य ।
४. दैनिक शुद्ध पिउने पानी उपलब्ध गराउने कार्य ।
५. चिट्ठीपत्र ढुवानी तथा पार्सल सम्बन्धी कुरियर सेवा ।
६. विज्ञापन तथा सूचना प्रकाशन सम्बन्धी कार्य ।
७. छपाई सम्बन्धी कार्य ।
८. सवारी साधनहरु खरिद, तिनका पार्टपूर्जाहरु उपलब्ध गराउने र मर्मत सम्बन्धी कार्य ।

**पालना गर्नुपर्ने शर्तहरु:**

- रीतपूर्वक आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपि सहितको निवेदन संलग्न हुनुपर्नेछ ।
- प्रत्येक कार्यको लागि छुट्टाछुट्टै आवेदन दिई सूचि दर्ता गराउनु पर्नेछ । जुन कार्यको लागि ईजाजत प्राप्त गरेको हो, सोही कार्यको लागि मात्र आवेदन गर्न सकिनेछ ।
- सूचीकृत भएका कम्पनी तथा फर्महरुले सन्तोषजनक सेवा अथता सामान सप्लाई नगरेको खण्डमा सूचीकृतबाट हटाउन सकिनेछ । यस उपर कुनै दावी विरोध गर्न पाइनेछैन ।
- म्याद भित्र पेश नभएको र रीत नपुगेको निवेदनमा कुनै कारवाही हुनेछैन ।
- सूचनामा छुट भएका अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हु छ ।

अन्नपूर्ण पोष्ट, मंगलबार, १४ असार २०६८